# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ
(२०८२ साउन  महिनादेखि २०८२ असोज मसान्तसम्म)



अर्थ मन्त्रालय
सिंहदरबार
असोज, २०८२
**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

### पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

### दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै  समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने।

### रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सबै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,

- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## २. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्ः

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।


- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।
- सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- सङ्घीय इकाइको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।
- तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- सङ्घीय इकाइबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।

- बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- सङ्घीय इकाइमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।
- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।
- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

नेपाल सरकार



# अर्थ मन्त्रालयको संगठन संरचना




रविलाल पन्थ
सचिव

## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अन्तर्गतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

**ऐनहरू**

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९
- बीमा ऐन,२०७९
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- भन्सार महसुल ऐन, २०८१
- सम्पत्ति शुद्धिकरण ( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- विदेशी विनिमय नियन्त्रण ऐन, २०१९
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्रिय ऋण उठाउने ऐन)

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४(पन्ध्रौं संशोधन २०८१)
- भन्सार महसुल नियमावली, २०८१
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१
- सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) नियमावली, २०८१
- रजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय नियमित गर्ने नियमहरु, २०२०

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुंजी अनुदान कार्यविधि, २०७६

- सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७
- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

**नीति, मापदण्ड**

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- वैदेशिक सहायता परिचालन नीति, २०८२
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्वरः

| क्र.सं. | सचिवालय, महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | अर्थमन्त्री | रामेश्वर खनाल | ४२११३९० |
| २. | सचिव | घनश्याम उपाध्याय | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | रिक्त | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव थान प्रसाद पंज्ञानी | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव सुमन दहाल | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव रिक्त | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव महेश आचार्य | ४२११३७७ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव महेश भट्टराई | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव टंकप्रसाद पाण्डेय | ४२००५३७ |
| ११. | वैदेशिक सहायता समन्वय महाशाखा | सहसचिव धनिराम शर्मा | ४२११३७१ |
| १२. | वित्तीय सङ्घीयता समन्वय महाशाखा | सहसचिव सेवन्तक पोखरेल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
    - सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैंयाँ लाग्नेछ।

- ➢ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।

- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

### (ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा जम्मा गरी सोको भौचर पेस गर्न लगाउन वा सो रकम बराबरको टिकट निवेदनमा टाँस गर्न लगाउन सक्नेछ।

### (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।
- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

### (क) निर्णय प्रक्रिया सम्बन्धमाः

- **मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः**

  ➢सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**

  ➢सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. आर्थिक वर्ष २०८२/८३ को बजेट

आर्थिक वर्ष २०८२/८३ को नेपाल सरकारको कुल बजेट रु.१९ खर्ब ६४ अर्ब ११ करोड रहेकोमा चालु खर्च रु.११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.०१ प्रतिशत, पुँजीगततर्फ रु.४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत विनियोजन भएको छ।

### ८.१ सार्वजनिक खर्च व्यवस्थापन

**(क) आर्थिक वर्ष २०८२/८३ को श्रावण महिनादेखि असोज मसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः (संङ्घीय बजेट)**

| | आ.व. २०८१।८२ | | आ.व. २०८२।८३ | | प्रगति(%) | |
|---|---|---|---|---|---|---|
| विनियोजित शीर्षक | वार्षिक विनियोजन | असोज मसान्तसम्मको यथार्थ खर्च | वार्षिक विनियोजन | असोज मसान्तसम्मको यथार्थ खर्च | आ.व. २०८१।८२ | आ.व. २०८२।८३ |
| चालु | ११४०६६.४५ | २०५०४.८० | ११८०९८.०० | २५१४०.१६ | १७.९८ | २१.२९ |
| पुँजीगत | ३५२३५.४ | ३०५८.८० | ४०७८८.८० | १८३५.६१ | ८.६८ | ४.५० |
| वित्तीय व्यवस्था | ३६७२८.४५ | ८२६१.०९ | ३७५२४.२० | ८८६०.०० | २२.४९ | २३.६१ |
| जम्मा | १८६०३०.३० | ३१८२४.६८ | १९६४११.०० | ३५८३५.७७ | १७.११ | १८.२५ |

**क. चालुतर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ३.३१ प्रतिशतले बढी खर्च भएको।

**ख. पुंजिगततर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ४.१८ प्रतिशतले खर्च घटेको भएको।

**ग. वित्तीय व्यवस्थातर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि असोज मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १.१२ प्रतिशतले खर्च बृद्धि भएको।

**समग्र कुल खर्च** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १.१४ प्रतिशतले बृद्धि भएको।

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा

## (ख) अर्थ मन्त्रालय र अन्तर्गत आ.व.२०८२/८३ को असोजसम्मको बजेट खर्च स्थितिः

| | | शुरू विनियोजन | | | पहिलो त्रैमासिक विनियोजन (असोजसम्म) | | | पहिलो त्रैमासिक खर्च (असोजसम्म) | | | पहिलो त्रैमासिक खर्च %(असोजसम्म) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ब.उ.शि.न. | आयोजना | चालु | पुजिगत | जम्मा | चालु | पुजिगत | जम्मा | चालु | पुजिगत | जम्मा | चालु | पुजिगत | जम्मा |
| ३०५०००११ | अर्थ मन्त्रालय | ४७.१६ | ८.४३ | ५५.५९ | १२.४३ | २.६३ | १५.०६ | ८.९० | ०.३८ | ९.२८ | ७१.६२ | १४.४१ | ६१.६२ |
| ३०५०००१२ | ऋण असुली पुनरावेदन न्यायधिकरण | २.२८ | ०.०३ | २.३१ | ०.६० | ०.०३ | ०.६२ | ०.३८ | ०.०० | ०.३८ | ६३.०० | ०.०० | ६०.२१ |
| ३०५०००१३ | ऋण असुली न्यायधिकरण | ४.०२ | ०.०७ | ४.०९ | ०.८७ | ०.०१ | ०.८८ | ०.९० | ०.०१ | ०.९१ | १०३.६८ | १३७.२१ | १०४.०६ |
| ३०५०००१४ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ५०.०३ | ०.०० | ५०.०३ | ११.७७ | ०.०० | ११.७७ | ५.२० | ०.०० | ५.२० | ४४.१९ | ०.०० | ४४.१९ |
| ३०५००१०१ | साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | ८.०० | ०.०० | ८.०० | २.०० | ०.०० | २.०० | १.०० | ०.०० | १.०० | ५०.०० | ०.०० | ५०.०० |
| ३०५००१०२ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | ३५.९४ | ०.०० | ३५.९४ | ११.७६ | ०.०० | ११.७६ | ३.१७ | ०.०० | ३.१७ | २६.९३ | ०.०० | २६.९३ |
| ३०५००१०५ | बजेट सुधार आयोजना | ६.९३ | ८.३२ | १५.२५ | ०.९३ | १.९८ | २.९१ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३०५००१०८ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | १३४.४१ | ७१२.३० | ८४६.७१ | ३८.३२ | १३४.२४ | १७२.५६ | ०.०० | ९.१६ | ९.१६ | ०.०० | ६.८२ | ५.३१ |
| ३०५००११३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | २०९६.४४ | ०.०० | २०९६.४४ | ४४१.०० | ०.०० | ४४१.०० | ९८०.०० | ०.०० | ९८०.०० | २२२.२२ | ०.०० | २२२.२२ |
| ३०५००११५ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ५२.२९ | ६५.६८ | ११७.९७ | ११.६६ | २४.६७ | ३६.३३ | ०.०७ | ०.०० | ०.०७ | ०.५६ | ०.०० | ०.१८ |
| ३०५००११६ | उदय-आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | ०.२५ | ०.०० | ०.२५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३०५०१०११ | महालेखा नियन्त्रक कार्यालय | १३.५५ | १.९२ | १५.४७ | ३.६२ | ०.४४ | ४.०६ | ३.६२ | ०.०६ | ३.६८ | १००.०९ | १२.८३ | ९०.५७ |
| ३०५०१०१२ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५.७० | ०.१४ | ५.८४ | २.५२ | ०.१३ | २.६५ | २.३५ | ०.१० | २.४५ | ९३.२७ | ७४.७९ | ९२.३८ |
| ३०५०१०१३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | २.४३ | ०.०५ | २.४८ | ०.६५ | ०.०५ | ०.७० | ०.३५ | ०.०० | ०.३५ | ५३.८० | ०.०० | ५०.२० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०५०१०१४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | ८३.६६ | १४.३६ | ९८.०२ | २२.०२ | ५.८६ | २७.८८ | १९.८९ | २.२५ | २२.१५ | ९०.३३ | ३८.४७ | ७९.४४ |
| ३०५०२०११ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ७.४६ | ०.५२ | ७.९८ | १.५६ | ०.०३ | १.५९ | १.६७ | ०.०० | १.६७ | १०७.२० | ०.०० | १०५.१८ |
| ३०५०३०११ | भन्सार बिभाग | १५.७५ | २८.२५ | ४४.०० | ५.२४ | ०.५० | ५.७४ | ३.११ | ०.०१ | ३.१२ | ५९.४१ | २.०० | ५४.४१ |
| ३०५०३०१२ | भन्सार कार्यालयहरु | १०७.४५ | ४.८३ | ११२.२८ | ३१.७७ | २.१३ | ३३.९० | २५.४६ | १.०३ | २६.४९ | ८०.१२ | ४८.५५ | ७८.१४ |
| ३०५०३१०१ | भन्सार सुधार कार्यक्रम | १३.०७ | ४२.५३ | ५५.६० | २.४० | १४.२४ | १६.६४ | ०.५३ | १.१९ | १.७३ | २२.१५ | ८.३८ | १०.३७ |
| ३०५०४०११ | आन्तरिक राजस्व विभाग | ६९.३९ | २८.९४ | ९८.३३ | १९.४० | ९.३६ | २८.७५ | ७.०९ | ०.०१ | ७.१० | ३६.५४ | ०.१३ | २४.६९ |
| ३०५०४०१२ | आन्तरिक राजस्व कार्यालयहरू | १९१.७८ | २६.६७ | २१८.४५ | ५८.३० | १२.७५ | ७१.०५ | ४१.३४ | २.३८ | ४३.७२ | ७०.९१ | १८.६५ | ६१.५४ |
| ३०५०५०११ | सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय | ६.५७ | २.१० | ८.६७ | २.३४ | १.७० | ४.०५ | ०.७५ | ०.०० | ०.७५ | ३१.९० | ०.०० | १८.४८ |
| **जम्मा** | | **२९५४.६** | **९४५.१४** | **३८९९.७** | **६८१.१७** | **२१०.७३** | **८९१.९०** | **११०५.७८** | **१६.५९** | **११२२.३७** | **१६२.३४** | **७.८७** | **१२५.८४** |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा,*

## ८.२ राजस्व परिचालनको अवस्थाः

(क) आर्थिक वर्ष २०८१/८२ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा आ.व. २०८२।८३ को पहिलो त्रैमासिक अवधि (साउन-असोज) को राजस्व संकलन विवरण

| आ.व. २०८२।८३ को पहिलो त्रैमासिक अवधि (साउन-असोज) को राजस्व संकलन विवरण (रकम रु. लाखमा) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | कर शीर्षक | आ.व.२०८२/८३ वार्षिक लक्ष्य | आ.व.२०८१/८२ | | | आ.व.२०८२/८३ | | | | |
| | | | असोजसम्मको लक्ष्य | असोजसम्मको असुली | वृद्धिदर | असोजसम्मको लक्ष्य | असोजसम्मको असुली | वार्षिक लक्ष्यको तुलनामा असुली % | अघिल्लो वर्षको तुलनामा वृद्धिदर (%) |
| १ | भन्सार महशुल | ३,०५५,७०५ | ७०४,८१० | ५१९,७७७ | ४.७२ | ७०६,५२० | ५६८,५९४ | १८.६१ | ९.३९ |
| २ | मूल्य अभिबृद्धि कर | ३,९४५,९५२ | ९३९,२१५ | ७५०,८८८ | ८.६८ | ९४१,१४५ | ८१२,३०९ | २०.५९ | ८.१८ |
| ३ | अन्तःशुल्क | २,१३१,५७७ | ४६०,३८६ | ३९९,७४३ | १५.१५ | ४८६,५८९ | ४७८,३०५ | २२.४४ | १९.६५ |
| ४ | शिक्षा सेवा शुल्क र अन्य | ५२,३१३ | ५,१७६ | १०,८५७ | १४.२१ | १३,६३९ | १५,००३ | २८.६८ | ३८.१९ |
| ५ | आयकर | ४,०७०,२९२ | ६५५,१२८ | ५१५,५६४ | १४.४० | ७१२,२१२ | ४६९,०६८ | ११.५२ | (९.०२) |
| | कर राजस्व जम्मा | १३,२५५,८३९ | २,७६४,७१५ | २,१९६,८३० | १०.१४ | २,८६०,१०६ | २,३४३,२७९ | १७.६८ | ६.६७ |
| ६ | अन्य राजस्व (गैरकर) जम्मा | १,५४४,१६१ | ३३४,५६५ | २८५,७७१ | ४५.४१ | ३५५,२२३ | १४७,२३४ | ९.५३ | (४८.४८) |
| | **कुल राजस्व** | **१४,८००,०००** | **३०९९२८०** | **२४८२६०१** | | **३२१५३३०** | **२४९०५१४** | | **०.३२** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १३.३० | | | **१६.८३** | |
| ७ | विविध प्राप्ति | - | | ४७,५३३ | ० | - | २१,२९१ | - | - |
| | **जम्मा राजस्व/प्राप्ति** | **१४,८००,०००** | **३०९९२८०** | **२५३०१३४** | ७.८६ | **३२१५३३०** | **२५११८०५** | **१६.९७** | **(०.७२)** |
| *स्रोतः राजस्व व्यवस्थापन सूचना प्रणाली, महालेखा नियन्त्रक कार्यालय, २०८२* | | | | | | | | | |

(ख) करदाता दर्ता संख्या सम्बन्धी विवरणः (Active Only)

| क्र.सं. | दर्ताको प्रकार | आ.व.२०८१/८२ अषाढ मसान्तसम्म (Only Active) | आ.व. २०८२/८३ को साउन देखि असोज मसान्तसम्मको थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| १ | Business PAN | २०,६०७५८ | २७९५३ | २०८८७११ |
| २ | Personal PAN | ४९०२७२२ | १४३७४४ | ५०४६४६६ |
| ३ | W-PAN | ३५,८७० | ४९८ | ३६३६८ |
| **जम्मा दर्ता** | | **६९९९३५०** | **१७२१९५** | **७१७१५४५** |
| ३ | VAT | ३,५१७३५ | ६७७० | ३५८५०५ |
| ४ | EXCISE | १,२४९९७ | ३०१२ | १२८००९ |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८२*

**८.३ <u>अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः</u> आर्थिक वर्ष २०८२/८३ को साउन, भदौ र असोज महिनाको जम्मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरणः**

| महिना/सहायता | ऋण तथा अनुदान जम्मा (रु.करोडमा) |
|---|---|
| साउन | १७६ |
| भदौ | ४८४ |
| असोज | ३४० |
| **जम्मा** | **१०००** |

*स्रोतः वैदेशिक सहायता समन्वय महाशाखा, २०८२*

## ८.४ आ.व. २०८२/८३ मा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

| सि.नं. | ऋण सेवा स्थिति | श्रावण | भाद्र | असोज | –..... | –........ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | ३२५८.७० | ३५४४.२६ | २८३८.१९ | | | ९६४१.१५ |
| १.१ | सावाँ भुक्तानी | २७१०.०० | २९३० | २३७५ | | | ८०१५.०० |
| १.२ | व्याज भुक्तानी | ५४८.७० | ६१४.२६ | ४६३.१९ | | | १६२६.१५ |
| २ | वाह्य ऋण भुक्तानी | ४४४.६९ | ६५५.२६ | २४७.९२ | | | १३४७.८७ |
| २.१ | सावाँ भुक्तानी | ३४५.११ | ५२२.०० | १६८.५० | | | १०३५.६१ |
| २.२ | व्याज भुक्तानी | ९९.५८ | १३३.२६ | ७९.४३ | | | ३१२.२७ |
| ३ | ऋण प्रासी | ४४६६.६१ | ३६१३.३२ | २००४.७९ | | | १००८४.७२ |
| ३.१ | आन्तरिक ऋण प्राप्ति | ४०००.०० | ३००० | २०००.०० | | | ९०००.०० |
| ३.२ | वाह्य ऋण प्राप्ति | ४६६.६१ | ६१३.३२ | ४.७९ | | | १०८४.७२ |

नोटः-

१. बैदेशिक ऋण प्राप्ति तर्फ प्राप्त भैसकेको Disbursement Letter को आधारमा अभिलेख राखिएकोले प्रतिवेदन पश्चात प्राप्त हुने Disbursement Letter को अभिलेख प्रविष्ट गर्दा प्रतिवेदन गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।

२.२०८२ वैशाख १७ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कहरुको प्रकाशित कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

## ८.५ मुलुकको समग्र आर्थिक स्थितिः

### आर्थिक नीति विश्लेषण महाशाखाबाट

आर्थिक परिसूचक सम्बन्धी विवरणः

- चालु आर्थिक वर्षको पहिलो २ महिनासम्ममा शोधानान्तर स्थिति र चालु खाता दुबै बचतमा रहेका छन्। विप्रेषण आप्रवाह नेपाली रूपैयाँमा ३३.७ प्रतिशतले र अमेरिकी डलरमा २७.६ प्रतिशतले वृद्धि हुँदा विदेशी मुद्रा सञ्चितिमा ३३.८ प्रतिशतले वृद्धि भएको छ, जुन १६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।
- उपभोक्ता मुद्रास्फीति सुधार भएको छ।

| क्र.सं. | शीर्षक | भदौ मसान्तसम्म | | वृद्धिदर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | |
| १. | शोधानान्तर स्थिति (रु. करोडमा) | १०१७७ | १५३६८ | ५१.० | बचत/बढेको |
| २. | चालु खाताको स्थिति (रु. करोडमा) | ४९६९ | १३०६९ | १६३.० | बचत/बढेको |
| ३. | विदेशी विनिमय सञ्चिति (रु. करोडमा) | २१५२५३ | २८८१३५ | ३३.८ | बढेको |
| | विदेशी मुद्रा सञ्चिति पर्याप्तता (वस्तु तथा सेवाको आयात धान्ने क्षमता, महिनामा) | १३.७ | १६ | १६.७ | बढेको |
| ४. | उपभोक्ता मुद्रास्फीति-भदौ महिना (वार्षिक विन्दुगत आधारमा)-प्रतिशतमा | ३.८६ | १.८७ | १.९९ प्रतिशत बिन्दुले घटेको | सुधार भएको |
| | औसत उपभोक्ता मुद्रास्फीति (२ महिनाको औसत) प्रतिशतमा | ३.९७ | १.७७ | २.२ प्रतिशत बिन्दुले घटेको | सुधार भएको |
| ५. | बैंकिङ्ग पहुँच-बैंक तथा वित्तिय संस्थाको शाखा संख्या | ११५३३ | ११५१२ | -०.१८ | मर्जर नीतिको कारण घटेको |
| ६. | विप्रेषण आप्रवाह (रु. करोडमा) | २६३१४ | ३५२०८ | ३३.७ | बढेको |
| ७. | वाणिज्य बैंकको औषत आधार व्याजदर (प्रतिशत) | ७.४९ | ५.७२ | १.७७ प्रतिशत बिन्दुले घटेको | घटेको |

## ८.६ आर्थिक वर्ष २०८२/८३ को साउन देखि असोज मसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरूः

### क. बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरुः

१. आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/०६/०५ मा भएको निर्णय कार्यान्वयनका लागि सबै

मन्त्रालय/आयोग/सचिवालयलाई/सवै प्रदेश र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सवै स्थानीय तहमा पत्राचार गरिएको ।

२. प्रचलित कानूनमा उल्लेख भएका र स्वीकृत मापदण्ड बमोजिमका सेवा सुविधामा प्रदान गर्नु/गराउनु हुन र कानून बमोजिम बाहेक उपलव्ध गराइएका भए त्यस्ता सवारी साधन, जिन्सी सामान, सहयोगी, सुरक्षाकर्मी फिर्ता गर्न र अन्य सेवा सुविधा स्थगन गर्न सबै मन्त्रालय/आयोग/सचिवालय/सवै प्रदेश लाई पत्राचार गरिएको।

३. सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी साधन सुविधा व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमाका लागि कार्यदल गठन गरिएको ।

४. २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका मृतकलाई आर्थिक सहायता, काजकिरिया, खाना तथा यातायात खर्च बापत ५३ परिवारलाई प्रति परिवार रू.१५ लाखका दरले रू. ७ करोड ९५ लाख निकासा गरिएको ।

५. २०८२ भदौ २३ र २४ गतेको आन्दोलनका घाइतेलाई तत्काल भैपरी खर्च बापत २४२९ व्यक्तिलाई प्रति व्यक्ति रू.२० हजारका दरले रू.४ करोड ८५ लाख ८० हजार निकासा दिएको।

६. नेपाल प्रहरीका लागि १०० थान पिक अप र ६ थान Prisoner Vehicle खरिदका लागि रु.४५ करोड ३० लाख थप बजेट उपलब्ध गराउन स्रोत सहमति प्रदान गरिएको।

७. सशस्त्र प्रहरी वल नेपालका लागि २० थान पिक अप, २० थान Riot Control Vehicle ,२ थान एम्बुलेन्स ३ थान डिजास्टर रेस्क्यू भ्यान र ५ थान १२*१२ ट्रक खरिदका लागि रु.२३ करोड ५ लाख थप बजेट उपलब्ध गराउन स्रोत सहमति प्रदान गरिएको।

८. यस महाशाखाबाट सम्पादन हुने कार्यहरु पूर्णरुपमा GIOMS बाट हुने गरेको छ।

## ९ क.२०८२ श्रावण, भाद्र र असोज महिनामा सहमति प्रदान गरिएको ऐन, नियमावली, कार्यविधि र मापदण्डको विवरणः

| सि.नं. | मन्त्रालयको नाम | विषय | कैफियत |
|---|---|---|---|
| १ | गृह मन्त्रालय | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०८२ | भाद्र |
| | | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली,२०८२ | असोज |
| २. | रक्षा मन्त्रालय | सैनिक सेवा (छैटौं संशोधन) नियमावली,२०८१ | श्रावण |
| | | राष्ट्रिय सेवा दल सम्वन्धमा व्वस्था गर्न बनेको विधेयक,२०८२ | भाद्र |
| ३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | विपन्न नागरिक औषधि उपचार कार्यक्रम निर्देशिका,२०८० को (पहिलो संशोधन,२०८२) | भाद्र |
| ४. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रशिक्षार्थी (इन्टर्न) परिचालन सम्वन्धी कार्यविधि,२०८१ | भाद्र |
| ५ | वन तथा वातावरण | वन विकास कोष संचालन कार्यविधि, २०८२ | भाद्र |

| | | | |
|---|---|---|---|
| | मन्त्रालय | चुरे उत्थानशिल आयोजना कार्यक्रम कार्यवान्वयन कार्यविधि, २०८२ | असोज |
| | | नेपाल जलवायु नमूना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | असोज |

**ख. <u>राजस्व व्यवस्थापनबाट सम्पादन भएका मुख्य कार्यहरुः</u>**

**ग. <u>कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु :</u>**

**१. कानूनी लिखतहरुको तर्जुमा, सहमति, स्वीकृती तथा दर्ता सम्बन्धी कार्यः**

क) लिज फाइनान्स सम्बन्धी विधेयक तर्जुमाको नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०५/०२ गते सिद्धान्त स्वीकृत भएको।

(ख) "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०८२" मिति २०८२/०४/२६ मा स्वीकृत भएको।

ग) कर्मचारी सञ्चय कोष (दशौं संशोधन) ऐन, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०५।०३ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

घ) नागरिक लगानी कोष (तेस्रो संशोधन) ऐन, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०५।०३ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

ङ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०५।१६ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

च) संघ, प्रदेश र स्थानीय तहमा बजेट अनुशासन कायम गर्ने सम्बन्धी विधेयकको सैद्धान्तिक अवधारणापत्रको मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०५।१७ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

छ) भौतिक पूर्वाधार पुनः निर्माण समिति (गठन तथा सञ्चालन) आदेश, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा स्वीकृत भएको।

ज) वैकल्पिक विकास वित्त परिचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८२/०६/२३ मा सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्राप्त भएको।

२. **राय/ परामर्श सम्बन्धी कार्यः** यस मन्त्रालयका विभिन्न महाशाखाबाट राय माग भएका मुख्य मुख्य २९ वटा विषयमा राय परामर्श प्रदान गरिएको।

**३. मुद्दाहरुको लिखित जवाफ तयारी, दर्ता र प्रतिरक्षा सम्बन्धी कार्यः**

यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएका ३१ वटा रिट निवेदनहरुको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय, मार्फत सर्वोच्च अदालतमा र उच्च सरकारी वकीलको कार्यालय, मार्फत सम्बन्धित उच्च अदालतमा दर्ता तथा प्रतिरक्षा गरिएको।

**४. राजपत्र सम्पादन र प्रकाशन सम्बन्धी कार्यः**

(क) महसुल तथा करको दर घटाउने, बढाउने र छुट सम्बन्धी सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई प्राप्त भएकोले सोही मितिमा नेपाल राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाइएको।

(ख) विभिन्न राजस्व छुट सम्बन्धी १५ वटा सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई प्राप्त भएकोले मिति २०८२/०५/०८ मा नेपाल राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाइएको।

**(ग)नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णय बमोजिम देहायको सूचना खण्ड ७२) संख्या ३२ नेपाल राजपत्र भाग ५ मिति २०८२/०६/०९ गते नेपाल राजपत्रमा प्रकाशित गरिएको।**

(अ) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ को उपदफा (१) बमोजिम पेश गर्नुपर्ने संवत् २०८२ साउन महिनाको कर विवरण, अन्तःशुल्क ऐन, २०५८ को दफा १०क. बमोजिम पेश गर्नुपर्ने संवत् २०८२ साउन महिनाको अन्तःशुल्कको विवरण, आर्थिक ऐन, २०८२ को दफा ६ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्कको विवरण तथा दफा १७ को उपदफा (१) बमोजिमको वस्तु तथा सेवामा अनुसूची-४ बमोजिम दाखिल गर्नुपर्ने विलासिता शुल्क दाखिल गरी सोको विवरण संवत् २०८२ साल असोज २५ गतेसम्म पेश गर्न सक्ने गरी म्याद थप गर्ने।

(आ) प्रकरण नं. (क) बमोजिम थप गरिएको अवधिभित्र विवरण तथा विवरण बमोजिमको कर दाखिला गरेमा सम्बन्धित ऐन बमोजिम लाग्ने विलम्ब शुल्क, शुल्क, व्याज, थप दस्तुर वा जरिवाना नलाग्ने।

**(घ)नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम देहायको सूचना खण्ड ७२) संख्या ३३ नेपाल राजपत्र भाग ५ मिति २०८२/०६/१० गते नेपाल राजपत्रमा प्रकाशित गरिएको।**

कर सहुलियत, सुविधा तथा छुट प्रदान गर्ने सम्बन्धी।

**(ङ)नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम देहायको सूचना खण्ड ७२) संख्या ३६ नेपाल राजपत्र भाग ५ मिति २०८२/०६/३० गते नेपाल राजपत्रमा प्रकाशित गरिएको।**

(अ) जेनजी आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने रकमको व्यवस्था गर्न।

